# सञ्चालक समिति बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका




## माइन्यूट

२६ पौष, २०७०



**साना किसान विकास बैङ्क लि.**

Sana Kisan Bikas Bank Ltd.



# साना किसान विकास बैंक लि.
## बाह्रौं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णय पुस्तिका
## (माइन्यूट)

### १. वैधानिक सभा

साना किसान विकास बैंक लि. (लघुवित्त विकास बैंक) को मिति २०७० साल पौष ५ गते शुक्रबार बसेको सञ्चालक समितिको २०७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम यस बैंकको बाह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गर्ने निर्णय भएको थियो ।

#### १.१ सभाको मिति, स्थान र समय

| | |
|---|---|
| सभा हुने मिति | : २०७०/९/२६ गते, शुक्रबार |
| समय | : ११:०० बजे |
| स्थान | : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |

#### १.२ छलफलका विषयहरू

(क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०६९/७० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७०/७१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

(बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नुहुन्छ । )



(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको ११.३१६% ले हुन आउने रु.२,२६,३१,५७९/- मात्र नगद लाभांश वितरण गर्न स्विकृत गर्ने ।

(५) बैंकको नियमावलीको नियम १२(२) (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) सञ्चालकहरुको निर्वाचन गर्ने ।

### (ख) विशेष प्रस्ताव

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको १५% ले हुन आउने रु. ३,००,००,०००/- बराबरको ३,००,००० कित्ता बोनस शेयर जारी गर्ने तथा उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अंक (fraction) लाई नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरी शेयर समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनस शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी चुक्ता पुंजीमा समायोजन गर्न स्वीकृत गर्ने ।

(२) बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि र सञ्चालकको बैठक भत्ता तथा सुविधा बृद्धि सम्बन्धी विषयमा प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने ।

(३) प्रवन्धपत्र तथा नियमावलीको नियामक निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

### (ग) विविध

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयरधनीहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका नागरिक दैनिकमा मिति २०७०/०९/६ गते र कारोबार दैनिकमा मिति २०७०/९/७ गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयर धनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस बैंकको केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार श्री नबिल ईन्भष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा व्यवस्था मिलाइएको थियो ।

## ३. उपस्थिति

### ३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप उपस्थित सञ्चालकहरू

| | | |
|---|---|---|
| १. | श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. | श्री अनिल कुमार उपाध्याय | सञ्चालक |
| ३. | श्री चन्दन कुमार श्रेष्ठ | सञ्चालक |
| ४. | श्री कुन्ज प्रसाद मिश्र | सञ्चालक |
| ५. | श्री चाँदनी ढकाल | सञ्चालक |
| ६. | श्री धर्मराज आत्रेय | सञ्चालक |
| ७. | प्रा. डा. उमाकान्त सिलवाल | सञ्चालक |

### ३.२ शेयरधनीहरूको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री प्रताप सुवेदी

२. नेपाल बैंक लि., प्रतिनिधि श्री कुमार प्याकुरेल

३. नबिल बैंक लि., प्रतिनिधि श्री जितेन्द्र प्रसाद श्रेष्ठ

४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट १२९ वटा संस्थाका १२९ जना

५. सर्वसाधारण शेयरधनीका तर्फबाट कुल शेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने ३०८ (प्रोक्सी समेत ९६५) जना ।

### ३.३ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री जलन कुमार शर्मा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |

### ३.४ अन्य उपस्थिति/पर्यवेक्षक

| | | |
|---|---|---|
| १. | श्री चन्द्रप्रकास देवकोटा | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं |
| २. | श्री शशि अर्याल | प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड |
| ३. | श्री लिलामणी पौडेल | प्रमुख निर्वाचन अधिकृत - साना किसान विकास बैंक लि. |
| ४. | श्री खगेन्द्र भट्टराई | लेखा परीक्षक प्रतिनिधि, खगेन्द्र एण्ड एसोसियट्स, चार्टड एकाउण्टेण्ट्स |
| ५. | श्री पोषणराज लामिछाने | कानूनी सल्लाहकार |
| ६. | श्री रुद्र भट्टराई | महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. |

## ४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप)

| विवरण | कुल शेयर संख्या | शेयर संख्या | उपस्थित शेयरधनी संख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ४४०५३३ | १ | ४४०५३३ | २२.०३% |
| नेपाल बैंक लि. | १ | १२१४१६ | १ | १२१४१६ | ६.०७% |
| नबिल बैंक लि. | १ | ६०७०८ | १ | ६०७०८ | ३.०३% |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | ७७७३४३ | १२९ | ५०७२०५ | २५.३६% |
| सर्वसाधारण शेयरधनीहरु | १२६२७ | ६००००० | ३०८ | १६२७९५ | ८.१४% |
| जम्मा | १२८६१ | २०००००० | ४४० | १२९२६५७ | ६४.६३% |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकका बाह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ४४० (प्रोक्सी दिने बाहेक हाजिर जनाउने मात्र) भएको र कुल शेयर संख्याको ६४.६३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

५.३. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.४. पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६९/०७० को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

६.२. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तको वासलात र मिति २०६९/०४/०१ देखि २०७०/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## ७. छलफलमा शेयरधनीबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरू

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

### (क) कृषिको व्यावसायिकरण सम्बन्धी

(१) नेपाल कृषि प्रधान मुलुकका किसानहरुको आर्थिक विकास गर्ने उद्द्श्यले खुलेको यस बैंकको शेयर सदस्य बन्न पाउँदा खुशी लागेको छ । किसानको उन्नती गर्न सफलता मिलोस् । (*अच्यूतराज शर्मा - १७४१६*)

(२) पुरानो कृषि प्रणालीले उत्पादन बढेन । आधुनिकीकरण गर्न इजरायल गएका छन् । (*श्री उपेन्द्र प्रधान-साना किसान कृषि सहकारी संस्था रामनगरका प्रतिनिधि*)

(३) प्रगति सराहनीय छ । यो साना किसानहरुको बैंक हो । कृषिमा व्यावसायिकरण हुन आवश्यक छ । (*श्री डिल्ली प्रसाद पाठक -साना किसान जिल्ला संघ धादिङ्गका प्रतिनिधि*)

(४) साना किसान सहकारी संस्थाको आधारस्तम्भ भनेको साना किसानहरु हो । बैंकको आधारस्तम्भ संस्था हो । यसलाई व्यावसायिकरण गर्न जरुरी देख्दछु । यसमा बैंकले राम्ररी सोचोस् भन्ने आशा छ । (*लोकनाथ पराजुली - साना किसान कृषि सहकारी संस्था लि. बौनिया, कैलाली*)

(५) हामी ६५ प्रतिशत खेती गर्ने मान्छे छौं । तर जापानमा ३ प्रतिशतले खेती गर्छन् । त्यहाँ खेती गर्न सरकारबाट अनुदान पाउछन् । यहाँ त्यस्तो सुविधा उपलब्ध भएको अवस्था छैन । (*लाल बहादुर महतो - साना किसान कृषि सहकारी संस्था नक्टीरायपुर, सप्तरी*)

### (ख) साधारण सभा सम्बन्धी

(६) बैंकले साधारण सभामा राम्रो झोला दिएन । (*श्री उपेन्द्र प्रधान-साना किसान कृषि सहकारी संस्था रामनगरका प्रतिनिधि* )

(७) आउने वर्षका साधारण सभाहरुमा वित्तीय विवरण अलि अगाडी पठाउने गर्नु होला । (*श्री रामगोपाल महर्जन - १८६५५*)

(८) पेज नम्बर ५० मा गल्ती देखिन्छ । राष्ट्र बैंकले दिएको निर्देशन नदोहरियोस् । गल्ती कम गर्दै जानु पर्छ । (*अच्यूतराज शर्मा - १७४१६*)

### (ग) कृषि तालिम (प्रशिक्षार्थी) इजरायल सम्बन्धी

(९) आधुनिकीकरण गर्न इजरायल गएका केही विद्यार्थी फर्किसकेका छन् । त्यहाँ दुःख र भने अनुसारको सुविधा नपाएको गुनासो आएको छ । (*श्री उपेन्द्र प्रधान-साना किसान कृषि सहकारी संस्था रामनगरका प्रतिनिधि* )

(१०) इजरायलको कार्यक्रम सुदुर पश्चिमाञ्चलले किन पाएन ? (*लोकनाथ पराजुली - साना किसान कृषि सहकारी संस्था लि. बौनिया, कैलाली*)

### (घ) पुँजी बृद्धि, शेयर विक्री तथा लाभांश सम्बन्धी

(११) यस बैंकले बाह्रौ बार्षिक साधारण सभामा आइपुग्दा नगद लाभांश ११% र बोनस शेयर १५% प्रतिफल दिएकोमा हार्दिक धन्यवाद । गत सालभन्दा समीक्षा वर्षमा ३६% खुद नाफा देखिएको छ । शेयरधनी सदस्य साना किसान सहकारी संस्था ४०० र नारी संस्था बढेर १०९ पुगेको छ । ५५ जिल्लामा बैंकको कार्यक्षेत्र पुगेछ । केही वर्षमा ७५ जिल्लामा पुग्ने विश्वास गर्न सकिन्छ । साना किसान प्रेरणा गीत जीवन सन्देश पनि तयार गर्नु भएको रहेछ । अध्यक्ष खेम बहादुर पाठक र प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माको नेतृत्वमा यसले दिन दुई गुणा रात चौगुना प्रगति गरोस् । अर्को वर्ष ३० प्रतिशतको हाराहारीमा प्रतिफल दिन सक्षम होस् । बाह्रौ सभाको सफलताको कामना पनि गर्दछु । यसलाई माइनुटमा स्थान दिनुहोला । (*श्री कृष्ण प्रसाद अधिकारी -३४५८*)

(१२) ढिला भएकोमा क्षमा चाहन्छु । साना किसान विकास बैंकले २६ प्रतिशत प्रतिफल दिएकोमा धन्यवाद दिन चाहन्छु । अरु बैंकले सात आठ वर्षमा राम्रो दिन नसकेको अवस्था छ । तर यस बैंकले अपेक्षा गरे अनुसार दिएको छ । पुँजी बृद्धि गर्न आवश्यक छ । आगामी वर्ष अझ बढी प्रतिफल दिन सकोस् । धन्यवाद । (*श्री रामगोपाल महर्जन - १८६५५*)

(१३) नेपाल कृषि प्रधान मुलुकका किसानहरुको आर्थिक विकास गर्ने उद्देस्यले खुलेको यस बैंकको शेयर सदस्य बन्न पाउँदा खुशी लागेको छ । किसानको उन्नती गर्न सफलता मिलोस । पहिलो वर्षमा राम्रो प्रतिफल दिएको छ । सर्बसाधारण शेयरधनीका तर्फबाट २ जना प्रतिनिधि आउनु भएको छ । सर्बसाधारण शेयरधनीको हितमा लड्नु हुनेछ । उहाँहरुको कुशलताले अर्को साधारण सभामा आउँदा धन्यवाद लिने अवसर मिलोस् । आगामी दिनमा गर्ने आम्दानी तथा पुँजी बृद्धि सम्बन्धी जानकारी दिनु होला । (*श्री अच्यूतराज शर्मा - १७४१६*)

(१४) यो बैंकबाट साना किसानले शेयरधनी सर्बसाधारणबाट बन्नमा कमि भएको छ । हाम्रो धेरै शेयर ठूलामा गयो जस्तो लाग्यो । (*श्री डिल्ली प्रसाद पाठक -साना किसान जिल्ला संघ धादिङ्गका प्रतिनिधि*)

(१५) साना किसानहरुले यस बैंकको शेयर खरिद गर्न हालेको पैसा शेयर नपरेर फिर्ता भयो । ठुलालाई मात्र दिएको जस्तो लाग्छ । (*श्री लोकनाथ पराजुली - साना किसान कृषि सहकारी संस्था लि. बौनिया, कैलाली*)

## (ङ) कर्मचारी तालिम र सुविधा सम्बन्धी

(१६) अरु प्रतिस्पर्धी बैंक तथा वित्तीय संस्थासँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन कर्मचारीलाई तालिम र सुविधा दिनु पर्छ । (*श्री रामगोपाल महर्जन - १८६५५*)

## (च) सेवा क्षेत्र (इलाका कार्यालय) सम्बन्धी

(१७) सुदुरपश्चिममा बैंकको इलाका कार्यालय किन खुलेन ? (*लोकनाथ पराजुली - साना किसान कृषि सहकारी संस्था लि. बौनिया, कैलाली*)

(१८) शाखा खोल्ने कुरामा अलि सजग हुन पर्छ । (*श्री रामगोपाल महर्जन - १८६५५*)

## छ) विविध

(१९) हाम्रो कर्मचारीको मात्र सुविधा व्यवस्था छ । तर पदाधिकारीका लागि नवलपरासीमा केही सुविधा छैन । अब आउने दिनमा साना किसान सहकारी संस्थाहरुको अध्यक्षहरुलाई पनि भत्ता व्यवस्था गर्नु पर्छ । (*श्री उपेन्द्र प्रधान-साना किसान कृषि सहकारी संस्था रामनगरका प्रतिनिधि* )

(२०) साना किसान सहकारी संस्थाका कर्मचारीहरुको सुविधामा एकरुपता छैन । (*श्री डिल्ली प्रसाद पाठक -साना किसान जिल्ला संघ धादिङ्गका प्रतिनिधि*)

(२१) सामाजिक सामुदायिक कार्यक्रममा बजेट व्यवस्था के छ ? अनुसरण गर्न मौका पाउने आशा छ । (*श्री लाल बहादुर महतो - साना किसान कृषि सहकारी संस्था नक्टीरायपुर, सप्तरी*)




## ८. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरूको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

### यसै क्रममा अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो

#### (क) कृषिको व्यावसायिकरण सम्बन्धी

→ साना किसानहरुको आर्थिक आधार कृषि तथा पशुपालन व्यवसाय नै हो । कृषि तथा पशुपालनमा उत्पादकत्व बृद्धि गर्न नसकेमा उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्न । साना किसानहरुको आम्दानी बृद्धि नभए साना किसान सहकारी संस्थाहरुको दिगोपन संभव हुँदैन । साना किसान सहकारी संस्था स्वसक्षम नभएमा बैंक सवल हुँदैन । यसकुरालाई मनन गरी बैंकले शुरु देखि नै आफनो कर्जा लगानीलाई उत्पादनसँग जोडेर मात्र लगानी गर्ने गरेको छ । कृषिमा व्याबसायिकरण गर्ने उद्देस्यलेनै बैंकले आधुनिक कृषि प्रणाली सम्बन्धी सीप सिक्न साना किसानका छोराछोरीहरुलाई इजरायल पठाउने प्रयास र काम गरेको हो । आगामी दिनमा यस प्रति अझै बढी सजग भई बैंकका कार्यक्रमहरु अघि बढाउने कुरामा विश्वास दिलाउन चहान्छु ।

→ पशुपालनमा सहुलियत कर्जा प्राप्त भइसकेकोछ। अरुपनि केही सहुलियत आइरहेका छन्। थप किसानको हितका कार्यमा हाम्रो प्रयास जारी रहनेछ । नेपाल सरकार तथा अन्य सहयोगी निकायहरुसँग समन्वय गरी कृषिको विकासका लागि आवश्यक सहयोग प्राप्त गर्ने प्रयास निरन्तर भइरहने सम्बन्धमा समेत हामी प्रतिबद्ध रहेका छौं ।

#### (ख) साधारण सभा सम्बन्धी

→ बैंकले आफ्ना सबै कार्यक्रमलाई कसरी कम खर्चिलो बनाउने भन्ने हिसाबले अघि बढाइरहेको छ। साधारण सभालाई पनि कसरी कम खर्चमा गर्न सकिन्छ त्यसको अवलम्वन गरिएको हो । बैंकले सबै शेयरधनी महानुभावहरुको उपस्थिति रहन्छ भन्ने कुरालाई ख्याल गरेर साधारण सभाको कार्यक्रम तय गर्नुपर्ने हुन्छ । झण्डै १३ हजार शेयरधनीका लागि त्यस्तो व्यबस्था गर्न सम्भव नहुने भएकोले सस्तो झोला खरिद गर्ने बाध्यता परेको हो । खर्च कम गर्दा हाम्रो लगानीले नै बढी प्रतिफल पाउने हो । तसर्थ कम खर्च गरेकोमा धन्यवाद नै  पाउने अपेक्षा गरेका छौं ।

→ कमि कमजोरीहरुमा कमि गर्न र बार्षिक प्रतिवेदनमा देखिएका छुटफुट त्रुटीहरु औंल्याई दिएर हामीलाई सजग गराइ दिनुहुने शेयरधनी महानुभावहरु प्रति आभार प्रकट गर्दछु। सकेसम्म त्रुटीहरु नहुन् भन्ने अभिप्रायका साथ काम गर्दागर्दै पनि त्रुटीहरु देखिन गएका छन् । आगामी दिनमा पनि यस्ता कमि कमजोरीहरु औंल्याई दिएर हाम्रो काम कारावाहीमा कमि कमजोरी हुनबाट जोगाई दिन अनुरोध गर्दछु। साथै आगामी दिनमा त्रुटीहरु हुन नदिन सजग भई काम गर्न प्रतिवद्ध रहने विश्वास दिलाउन चाहान्छु ।

→ आगामी वर्षहरुमा संभवभएसम्म छिटै बार्षिक प्रतिवेदन आदरणीय शेयरधनी महानुभावहरुको हातमा पर्ने गरी पठाउने व्यवस्था गरिनेछ ।

### (ग) कृषि तालिम (प्रशिक्षार्थी) इजरायल सम्बन्धी

→ कुनैपनि काम नगरेमा त्यसमा टिप्पणी हुँदैन । तर केही नयाँ काम गर्दा समस्या आउने र टिप्पणी हुने गर्छ । त्यस्तै हामीले इजरायल प्रशिक्षार्थी छनोट गर्दा केही काम नगरेका युवाहरु पनि छनोटमा पर्न गएको आभास भइरहेको छ । हामीले साच्चै खेती गरिरहेका, हातमा ठेला उठेका, गाइभैसीको भकारो सोरेका युवाहरुलाई छनोट गर्न सकेको भए काम गर्न गाह्रो हुँदैनथ्यो । उनीहरुले त्यहाँको प्रणालीगत आधारमा गर्नुपर्ने काम गर्न गारो भयो । कम्तिमा तालिम अवधिमा मिहनत गर्नु पर्दछ भन्ने लाग्दछ । जमिनमा काम गर्न गारो हुन्छ नै । तसर्थ सहकारी संस्थाहरुले प्रशिक्षार्थी छनोट गर्दा साच्चै किसान छान्नु पर्थ्यो त्यो हुनमा कमिभयो भन्ने लाग्दछ । तपाइहरु (साना किसान सहकारी संस्था) ले नै छनोट गरेका युवाहरुमध्ये नै चिठ्ठा प्रथाजस्तो पारदर्शी प्रणालीबाट छनोट भएका हुन । यदी इजरायलको सरकारको तर्फबाट तोकेको सुविधा र सो अनुसारको काम नपाएको हो होइन सो सम्बन्धमा बैंकले अवश्य नै अनुगमन गर्दछ । र आगामी दिनमा यस प्रति अझै बढी सजगता अपनाउने कुरामा विश्वास दिलाउन चाहान्छु ।

→ अहिलेको कार्यक्रमको प्रभावकारिता हेरेर कार्यक्रम विस्तार हुने अवस्था आएमा सुदुरपश्चिम र नेपालको अन्य क्षेत्रमा पनि इजरायली प्रशिक्षार्थी कार्यक्रम लागु हुनेछ । प्रतिक्षा गर्नुहोला । आशा गरौं ।

### (घ) पुँजी बृद्धि, शेयर विक्री तथा लाभांश सम्बन्धी

→ बैंकको पुँजी बृद्धि तथा लाभांशको अवस्थाका सम्बन्धमा अत्यन्तै सह्राहनीय सुझावहरु प्राप्त भएका छन् । हाम्रो कामको मूल्याङ्कन समेत गरिदिनु भएकोमा जिज्ञासा राख्ने शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुको यस्तै प्रेरणा मिली रहेमा आगामी दिनमा अझै बढी सक्षमताका साथ बैंकका क्रियाकलापहरु अगाडी बढ्न सक्दछन् भन्ने विश्वास छ ।

→ हामीले नेपालको प्रचलित कानून अन्तर्गत रहेर काम गर्नुपर्ने हुन्छ । नेपालको कम्पनी कानून, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपालको धितोपत्र सम्बन्धी नियम कानूनको परिधि भित्र रहेर बैंकले शेयर जारी गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार बैंकले सर्वसाधारणमा शेयर जारी गरेको हो । सोही व्यवस्था अनुसार शेयर विक्री हुने हो । यो शेयर पाउने नपाउने निर्णय बैंकले गर्ने होइन । नियमको व्यवस्था अनुसार हुने हो ।

## प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझाव बारे दिनु भएको प्रतिउत्तर निम्नानुसार रहेको छ

### (ङ) कर्मचारी तालिम र सुविधा सम्बन्धी

→ अहिले नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको तिब्र प्रतिस्पर्धा रहेको छ । लघुवित्त सेवा प्रदायक संस्थाहरुको पनि सुगम र तराईमा बढी बाहुल्यता रहेको देखिन्छ । सूचना प्रविधिको विकास तिब्र रहेको छ । लघुवित्त सेवामा नयाँ नयाँ औजारहरु थप हुँदै गएका छन् । यस्तो अवस्थामा यस बैंकका कर्मचारीहरु आफ्नो काम सम्बन्धी हरेक कुरामा अत्यन्त दक्ष र क्षमतावान हुनु पर्दछ भन्ने कुरामा बैंक सधैं सचेत रहदै आएको छ । हामीले यस अघि पनि बैंकका कर्मचारीहरुलाई विभिन्न तालिम, गोष्ठी तथा अवलोकन कार्यक्रममा सरिक गराउँदै आएका छौ । कर्मचारीहरुको क्षमता विकासका लागि



आगामी दिनमा अझै बढी अवसरहरुको खोजी गर्दै कर्मचारीहरुलाई उनीहरुको क्षमता विकास गर्ने अवसर दिलाउने व्यवस्था मिलाइने छ ।

→ यसै गरी बैंकले आफ्ना कर्मचारीहरुलाई उपलब्ध गराईने सेवा सुविधाहरुलाई प्रतिस्पर्धात्मक बजारलाई ध्यानमा राखेर बैंकको वित्तीय क्षमतालाई आधार मानी सोही अनुरुप बनाउँदै जाने व्यवस्था गरिनेछ ।

### (च) सेवा क्षेत्र (इलाका कार्यालय) सम्बन्धी

→ साना किसान विकास बैंक लघुवित्तमा थोक कर्जा लगानी गर्ने गरी स्वीकृती प्राप्त "घ" वर्गको वित्तीय संस्था हो । यसले मौद्रिक नीतिबाट निर्दिष्ट सीमाभित्र रहने गरी लघुकर्जा प्रदान गर्ने सर्तमा आवद्ध संस्थाहरुलाई कर्जा लगानी गर्छ । त्यसैले लघुवित्त बाहिर गएर ठूला परियोजनाहरुमा लगानी गर्न सक्दैन । हामी शहरमा काम गर्दैनौ । हाम्रो सेवा गाँउ केन्द्रित छ ।

→ बैंकको कर्मचारी, सञ्चालन, व्याज, ह्रासकट्टी, जोखिम व्यवस्था आदि खर्च कटाई नाफा हुन्छ । यहाँहरुको प्रयत्नस्वरुप बैंकले नाफा लगायत सेवा विस्तारका उपलब्धी हाँसिल गरेको हो । यो बैंक थोक कर्जा लगानी गर्ने बैंक हो । यसको शाखा धेरै छैन । ८ वटा इलाका कार्यालय छन् ।

→ अरु थोक कर्जा लगानी गर्ने बैंकको काठमाडौमा बाहेक अन्यत्र जिल्लाहरुमा कार्यालय छैनन् । काठमाडौंबाटै सेवा दिन्छन् । हामीले साना किसानलाई सुविधा होस भनेर इलाका कार्यालय खोलेका हौं । हामीले साना किसान सहकारी संस्था बनाउँछौं । अरुले बनाउदैनन् ।

→ बैंकको सेवा दिने साना किसान सहकारी संस्थाहरुको बाक्लो उपस्थिति र सञ्चालन लागत धान्न सक्ने अवस्थामा मात्र आवश्यकता अनुरुप इलाका कार्यालय खोल्ने नीति लिएका छौं ।

### (छ) विविध

→ साना किसान सहकारी संस्थाको संस्थागत विकास, क्षमता विकास, नेतृत्व विकास र कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि उपलब्ध स्रोत साधनहरुको उच्चतम् परिचालन गरी बैंकले आवद्ध संस्थाहरुको विकासका लागि केही प्राविधिक सेवा दिंदै आएको छ । साना किसान कृषि सहकारी संस्थाहरु आफै स्वतन्त्र निकायहरु हुन् । यी संस्थाहरुमा कार्यरत पदाधिकारीहरुको सेवा सुविधाका सम्बन्धमा बैंकले सुझाव मात्र दिन सक्दछ । सहकारीको भत्ता सुविधा आदि सहकारी आफैले आफ्ना क्षमताका आधारमा लिने दिने व्यवस्था गर्ने हो, बैकले त्यसमा केही गर्न सक्दैन ।

→ बैंकले आवश्यक स्रोत जुटाई बैकंसँग आबद्ध संस्थाका कार्य क्षेत्रको सामाजिक सामुदायिक विकासका लागि सो सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न केही सहयोग पुर्‍याउँदै आएको छ । चालु आर्थिक वर्षमा पनि केही कार्यक्रमका लागि बैंकले बजेट व्यवस्था गरी कार्यान्वयनका लागि बैंकका इलाका कार्यालयहरु मार्फत संस्थाहरुमा पठाउने व्यवस्था गरी सकेको छ ।

→ यस बैंकले साना किसान सहकारी संस्था मार्फत ग्रामीण गरीब तथा विपन्न वर्गमा लघुवित्त सेवा विस्तार गर्न सेवा नपुगेका गाबिसहरुमा स्रोत साधन अनुरुप साना किसान सहकारी संस्थाको गठनको काम गर्दै आएको छ । यस अघि १९३ गाबिसमा त्यस्ता संस्था स्थापना भइसकेका छन् । चालु आर्थिक वर्षमा ५६ गाबिसमा साना किसान सहकारी अनुसरण गर्न प्रस्ताव आव्हान, छनोट र गाबिस एकिन गरी कार्यक्रम शुरु गरिसकेका छौं । आगामी दिनमा यस कार्यलाई निरन्तरता दिने नीति रहेको छ ।

→ बैंकको कोषको लागत घटाउने प्रयासमा हामी लागेका छौं । बैंकको ब्याजदर बजारमा आधारित हुन्छ । बजारमा ब्याजदर कमि आएको अवस्थामा बैंकले पनि ब्याजदर कम गर्नुपर्ने हुन्छ । अहिले यस बैंकमा आवद्ध संस्थाहरुले साना किसान सदस्यहरुबाट लिने ब्याजदर १३-१५ प्रतिशतको हाराहारीमा छ । नेपालको लघुवित्त कर्जाको आधारमा हेर्ने हो भने यो ब्याजदरलाई सहुलियत नै मान्नु पर्दछ । यस बाहेक बैंकले नेपाल सरकारसँगको सहकार्यमा पशुपालन कर्जा, तोकिएको समयभित्र चुक्ता गर्ने पशुपालक किसानलाई ९ प्रतिशत मात्र ब्याज लिने व्यवस्था गरेको छ । बैंकले लगानी गरेको कर्जाको एक तिहाई भन्दा बढी हिस्सा पशुपालन कर्जाको रहेको छ । यस पक्षबाट हेर्दा बैंकले सस्तो ब्याजमा कर्जा सेवा उपलब्ध गराउँदै आएको छ भन्न सकिन्छ ।

## यस बैंकका कम्पनी सचिव तथा बरिष्ठ प्रवन्धक श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप

→ सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने शेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाईएको थियो ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नु भयो ।

### (क) सामान्य प्रस्ताव

*१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०६९/७० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।*

**निर्णय**

**अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०६९/७० को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।**

*२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिने सम्बन्धमा ।*

**निर्णय**

**लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।**

*३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७०/०७१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६२ को दफा ६५ बमोजिम लेखा परीक्षण समितिको मिति २०७०/९/१ को सिफारिसको आधारमा आ.व.२०७०/७१ को लेखा परीक्षकमा नियुक्ति गर्न एवं पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।*

**निर्णय**

**यस बैंकको आ.व.२०७०/०७१ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा कर लेखापरीक्षण सहित आ.व.२०७०/०७१ को लागि लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षकमा श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस् लाई मूल्य अभिबृद्धि कर बाहेक एकमुष्ट रु. ८०,०००/- (असी हजार) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो ।**

*४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुँजीको ११.३१६% ले हुन आउने रु.२,२६,३१,५७९/- मात्र नगद लाभांश वितरण गर्न स्विकृत प्रदान गरिदिने सम्बन्धमा ।*

**निर्णय**

**सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुँजीको ११.३१६% ले हुन आउने रु.२,२६,३१,५७९/- मात्र नियमानुसारले नगद लाभांश वितरण गर्न सर्वसम्मतिले स्विकृत प्रदान गर्ने निर्णय गरियो ।**









*५. बैंकको नियमावलीको नियम १२ (२) (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।*

## निर्वाचन क्रियाकलाप

बैंकको नियमावलीको नियम १२ (२) (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) सञ्चालकहरुको निर्वाचन सम्बन्धमा देहाय अनुसार भयो:-

→ सर्बसाधारण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्वका लागि २ जना सञ्चालक सदस्यको निर्वाचनका लागि कम्पनी सचिवद्वारा सभामा प्रमुख निर्वाचन अधिकृत श्री लिलामणी पोखरेललाई समय उपलब्ध गराईयो ।

→ प्रमुख निर्वाचन अधिकृत श्री लिलामणी पौडेलले निर्वाचन कार्यक्रमका सन्दर्भमा यस बैंकको सर्वसाधारण शेयरधनी समूह - "ख" बाट सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०७० एवं बैंकको साधारण सभाको सूचनामा उल्लेख भएको व्यवस्था बमोजिम सभा हुने मिति भन्दा १५ दिन अगावै अर्थात २०७०/९/९ का दिन बैंकको सूचनापाटी र वेभसाइटमा निर्वाचन कार्यक्रम सहितको सूचना प्रकासन गरेको र सो सूचना बमोजिम देहायका दुई जनाबाट मात्र उम्मेद्वारी दर्ता हुन आएकोले निजहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| १. श्री शंकर श्रेष्ठ, | धादिङ्ग नलाङ -,१, हाल काजि कामनपा - १६, वर्ष ३५ |
| २. श्री उमेश लम्साल, | ताक्लुङ - ४, गोरखा, वर्ष ३२ |

→ प्रमुख निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित सञ्चालकहरुलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै हार्दिक बधाई दिनु भयो र निर्वाचन कार्यको अवसर दिने र यस कार्यमा सहयोग पुऱ्याउने सबै प्रति धन्यवाद व्यक्त गर्नु भयो ।

→ नव निर्वाचित दुई जना सञ्चालकहरुलाई बैंकका अध्यक्षले टिका तथा पुष्प गुच्छा दिंदै बधाई ज्ञापन गर्नु भयो र उपस्थित सबै शेयरधनी महानुभावहरुबाट करतलध्वनीका साथ स्वागत गरियो ।

**निर्णय**

**बैंकको नियमावलीको नियम १२ (२) (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरी देहाय बमोजिमका दुई (२) सञ्चालकहरुको निर्विरोध निर्वाचन गरियो।**

**१. श्री शंकर श्रेष्ठ, धादिङ्ग नलाङ - १, हाल काजि कामनपा १६**

**२. श्री उमेश लम्साल, ताक्लुङ - ४, गोरखा**

## (ख) विशेष प्रस्ताव

*१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुँजीको १५% ले हुन आउने रु. ३,००,००,०००/- बराबर को ३,००,००० कित्ता बोनस शेयर जारी गर्ने तथा उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अंक (fraction) लाई नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरी शेयर समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनस शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी चुक्ता पुँजीमा समायोजन गर्न स्वीकृत प्रदान गर्नु हुन अनुरोध छ।*

**निर्णय**

**सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुँजीको १५% ले हुन आउने रु. ३,००,००,०००/- बराबरको ३,००,००० कित्ता बोनस शेयर जारी गर्ने तथा उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अंक (fraction) लाई नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरी शेयर समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनस शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी चुक्ता पुँजीमा समायोजन गर्न सर्व सम्मतिबाट स्वीकृति प्रदान गरी निर्णय गरियो।**

*(२) बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि र सञ्चालकको बैठक भत्ता तथा सुविधा बृद्धि सम्बन्धी विषयमा प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा संलग्न तीनमहले अनुसार संशोधन गर्न स्वीकृति प्रदान गरिदिने सम्बन्धमा।*

**निर्णय**

**बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि र सञ्चालकको बैठक भत्ता तथा सुविधा बृद्धि सम्बन्धी विषयमा प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा संलग्न तीनमहले अनुसार संशोधन गर्न स्वीकृति प्रदान गरी निर्णय गरियो।**

*(३) प्रवन्धपत्र तथा नियमावलीको नियामक निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिनु हुन अनुरोध छ।*

**निर्णय**

**प्रस्तुत प्रवन्धपत्र तथा नियमावलीको संशोधनका क्रममा नियामक निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले निर्णय गरियो।**

## १०. सभा विसर्जन

१०.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

१०.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१०.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । बाह्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| (झलेन्द्र भट्टराई) | (खेम बहादुर पाठक) |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

२६ पौष, २०७०

# साना किसान विकास बैङ्क लि.

**नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त विकास बैङ्क**


## केन्द्रीय कार्यालय

सुविधानगर, तिनकुने, काठमाडौं

फोन : ०१–४१११८२८/४१११७५२

फ्याक्स : ०१–४१११९०१

इमेल : skbbl@wlink.com.np

वेभसाइट : www.skbbl.com.np

## इलाका कार्यालयहरू

| | |
|---|---|
| विर्तामोड | फोन/ फ्याक्स : ०२३–५४२७२८ |
| इटहरी | फोन/ फ्याक्स : ०२५–५८४३३४ |
| जनकपुर | फोन : ०४१–५२७५३६, फ्याक्स : ०४१–५२७२१० |
| हेटौडा | फोन/ फ्याक्स : ०५७–५२५३८८ |
| बुटवल | फोन/ फ्याक्स : ०७१–५४१०३३ |
| गजुरी | फोन/ फ्याक्स : ०१०–४०२०८० |
| पोखरा | फोन/ फ्याक्स : ०६१–५३९४१३ |
| नेपालगञ्ज | फोन/ फ्याक्स : ०८१–५२६१३६, फ्याक्स : ०८१–५२७४२३ |



Design: www.colornpixel.com